आज मिति २०८१।०८।३० गतेका दिन यस आठवीस नगरपालिकाका नगर प्रमुख श्री तर्क बहादुर बडुवाल ज्यूको अध्यक्षता तथा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा आठवीस नगर कार्यपालिकाको १०४ औं बैठक नगरपालिकाको सभाहलमा बसि निम्नानुसारका निर्णयहरु गरियो ।

**उपस्थिति**

| क्र.स. | पदाधिकारीहरुको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री तर्क बहादुर बडुवाल | प्रमुख | |
| २ | श्री कल्पना कुमारी थापा | उप प्रमुख | |
| ३ | श्री बम बहादुर रावत | सदस्य | |
| ४ | श्री कलम कामी | सदस्य | |
| ५ | श्री नगेन्द्रराज कार्की | सदस्य | |
| ६ | श्री टेक बहादुर माझी | सदस्य | |
| ७ | श्री बजरसिंह विक | सदस्य | |
| ८ | श्री नवराज शर्मा | सदस्य | |
| ९ | श्री जैसिंह कठायत | सदस्य | |
| १० | श्री अदल शाही | सदस्य | |
| ११ | श्री शेर बहादुर सिजापती | सदस्य | |
| १२ | श्री विर बहादुर नेपाली | सदस्य | |
| १३ | श्री सेतु नेपाली | सदस्य | |
| १४ | श्री विरेन्द्र बहादुर सावद माझी | सदस्य | |
| १५ | श्री दयाराम बिक | सदस्य | |
| १६ | श्री हरिकला माझी | सदस्य | |
| १७ | श्री तारा विश्वकर्मा | सदस्य | |
| १८ | श्री विमला बि क | सदस्य | |
| १९ | श्री हजुरा भण्डारी | सदस्य | |
| २० | श्री दिल बहादुर शाही | सदस्य सचिव | |

२१ श्री बरकत बहादुर विश्वकर्मा सहायक कर्मचारी

आठबीस नगरपालिकाको मिति २०८१ साल मंसिर २३०गते बसेको १०४ औं बैठकका प्रस्ताव तथा निर्णयहरु

निर्णयहरु

१. सडक बोर्ड नेपालबाट यस आठवीस नगरपालिकाको लागि आ.व. २०८१।०८२ को लागि वार्षिक स्वीकृत कार्यक्रम अनुसार देहाय बमोजिमको योजनाहरु छनौट गर्ने निर्णय गरियो । साथै देहायबमोजिमका योजनाहरुका लागि यस आठवीस नगरपालिकाबाट ३० प्रतिशत लागत साझेदारी हुने गरी स्वीकृतीको लागि श्री सडक बोर्ड नेपाल मिनभवन, काठमाण्डौलाई पेश गर्ने निर्णय गरियो ।

देहाय

- नाउली हुँदै तर्कुसम्म सडक मर्मत आठबीस-८
- खटगौडा देिखिओम्कानासम्म सडक मर्मत आठबीस-७

२. यस आठबीस नगरपालिकाको लागि संघिय सरकारवाट प्राप्त भएको फ्रि छयरोग कार्यक्रम संचालनको लागि आवश्यक पर्ने जनशक्ति कर्णाली प्रदेश लोक सेवाको सातौ तहको वैकल्पिक उम्मेदवार नियुक्तिका लागि अनुरोध गर्ने निर्णय गरियो ।

३. यस आठवीस नगरपालिका वडा नं. ४ स्थित गैराखेतमा निर्माणाधिन ठेक्का नं. AM/NCM/WORKS/08-2078/079 प्रशासनिक भवनको निर्माण कार्य निर्माणाधिन अवस्थामा रहेको छ । उक्त भवन निर्माणको लागि DPR (विस्तृत परियोजन प्रतिवेदन) भन्दा भवन माथिल्लो तलामा डिजाइन फेरवदल गर्नुपर्ने अवस्था सृजना भएकोले DPR बमोिजम लागत अनुमान तयार गर्दा उक्त संरचनामा प्रयोग हुने डण्डिको(छड) परिणाम प्रतिशतमा रहेको र हाल Bar Bending Schedule (BBS) तयार गर्दा लागत अनुमान भन्दा २५% लेवढी प्रयोग हुने अवस्था सृजना भएको, ढुङ्गाको वाल फिल्डको समस्याले गर्दा स्टिमेट भन्दा १०७% ले वृद्धि भएको, माटो फिलिङ्गको कार्य फिल्डको समस्याले गर्दा स्टिमेट भन्दा ४००% ले वृद्धि भएको, माटो कटिङ्गको कार्य फिल्डको समस्याले स्टिमेट भन्दा ११३% ले वृद्धि भएको र M20 ढलान स्टिमेट भन्दा ५% प्रतिशतले वृद्धि भएको भनि श्री अविसा निर्माण सेवा एण्ड सप्लायर्स, कोटेश्वर काठमाण्डौले Variation Order जारी गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश भएकोले उक्त निवेदन माथि कारवाही गर्दा ८.७६ प्रतिशतले बढी हुन आउने रकम प्राविधिक मुल्याँकन भइ पेश हुन आएकोमा सार्वजनिक खरिद खरिद ऐन २०६३ को दफा ५४ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ को उपनियम ख बमोजिम V.O.1 स्वीकृत गर्ने निर्णय गरियो ।

४. यस आठबीस नगरपालिका वडा नं. ४ स्थित गैराखेतमा निर्माणाधिन ठेक्का नं. AM/NCM/WORKS/०८-२०७८/०७९ प्रशासनिक भवनको निर्माण कार्य निर्माणाधिन अवस्थामा रहेको छ । उक्त भवन निर्माणको लागि DPR (विस्तृत परियोजन प्रतिवेदन) मा भवन अन्तिम ढलानमा नमस्ते आकारको भएको र उक्त नमस्ते आकार वनाउन भवनमा पछी तला थप गर्न नसिकने भएकोले नगरपालिकाको वढ्दो जनशक्ति व्यवस्थापनको लागि पछी भविष्यमा तला थप गर्नुपर्ने भएकोले उक्त भवनको अन्तिम ढलान समतल ढलान(Flat Slap) ढलान गरी निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो

५. यस आठबीस नगरपालिका वडा नं. ४ स्थित श्री ज्ञानोदय आ. वि.को जग्गा दान गर्न साविक राकमकर्णाली गा वि स वडा नं. ९ हाल आठबीस नगरपालिका वडा नं. ४ निवासी श्रीमती नेउकला देवि साउदको नाममा रहेको कित्ता नं. ११५ को ११२० वर्गमिटर क्षेत्रफल र श्री लाल वहादुर माझीको कित्ता नं. २०० बाट ६५० वर्गमिटरभ जग्गा विद्यालयको नाममा नामसारी गर्नुपर्ने भएकाले जग्गा पास गर्दा लाग्ने दस्तुर छुट गरिदिनको लागि श्री मालपोत दुल्लु दैलेखलाई अनुरोध गर्ने निर्णय गरियो ।

६. यस आठबीस नगरपालिका वडा नं. ७ स्थित श्री नारायण माध्यामिक विद्यालयको नाममा जग्गा दान गर्नको लागि साविक तिलेपाटा गा वि स वडा नं. १ हाल आठबीस नगरपालिका वडा नं. ७ निवासी श्रीमती वुद्धि उपाध्यायको नाममा रहेको कित्ता नं. १९८ को पुरै जग्गा विद्यालयको नाममा नामसारी गर्नुपर्ने भएकाले जग्गा पास गर्दा लाग्ने दस्तुर छुट गरिदिनको लागि श्री मालपोत दुल्लु दैलेखलाई अनुरोध गर्ने निर्णय गरियो ।

CamScanner